# Bag Filter आपूर्तिको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७५/०९/२५ गते)

यस उद्योगको लागि आवश्यक तपशिल बमोजिमको Bag Filter, ४०० थान आपुर्ति गर्नु पर्ने भएकोले ईच्छुक पंजिकृत फर्म आपूर्तिकर्ताहरु बाट देहाएको शर्तहरुको अधिनमा रहने गरी सूचना प्रकासित मितिले ७ (सात) दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Group-72/075/076**

| S.N. | Description of Goods. | Qty. | Rate | Amount |
|---|---|---|---|---|
| 1 | Bag Filter, Size 2600MM long×165 MMID<br>Scavenging-Pulse Jet Type<br>Material : Non woven needle felt polyester antistatic treatment, temperature Resentence= minimum up to 150°c | 400No. | | |

## शर्तहरु :-

१) **मुल्य** : कारखानास्थल हेटौडा ।

२) **आपूर्ति** : खरिद आदेशको मितिले ४५ दिन भित्र उक्त Bag Filter उद्योगमा आपूर्ति गरी सक्नु पर्नेछ । अन्यथा ढिलो आपूर्ति भए वापत मु.अ. कर बाहेकको रकमको दैनिक ०.०५ प्रतिसतका दरले जरिवाना लगाई म्याद थप गर्न सकिनेछ । यस्तो जरिवाना अधिकतम मु.अ.कर बाहेकको रकमको कुल १० प्रतिशत भन्दा बढी हुनेछैन । काबु भन्दा बाहिरको परिस्थितीको कारणले आपूर्ति गर्न नसकेको सन्तोषजनक प्रमाण पेश भएमा बढीमा १५ दिन जरिवाना नलगाई म्याद थप दिन सकिनेछ ।

३) **भुक्तानी** :आपूर्तिकर्ताले दरभाउपत्र सूचनामा उल्लेखित Specification अनुसारको Bag Filter को आपूर्ति गरी सम्बन्धित विभागको सिफारिस र कर विजक पेश गरेपछि १००% (सतप्रतिशत) भुक्तानी दिइनेछ ।

४) **कर तथा महशुलहरु** : नियमानुसार लाग्ने सम्पूर्ण कर तथा महशुलहरु आपुर्तिकर्ता स्वयंले व्यहोर्नु पर्नेछ । तर प्रचलित नियमानुसार लाग्ने मु.अ.कर आपुर्तिकर्ताले थप गरी विल पेश गर्नु पर्नेछ र उद्योगले सोही अनुसार मु.अ.कर समेतको भुक्तानी दिनेछ ।

५) **दरभाउपत्रसाथ संलग्न गर्नु पर्ने कागजातहरु** : दरभाउपत्रदाताले आफनो फर्मको पुरा ठेगाना ,सम्पर्क फोन, मोवाइल नम्बर र E-Mail address समेत खुलेको छापिएको लेटरप्याडमा इकाइ र अक्षरमा दुरुस्त हुने गरी उल्लेख गरी नवीकरण भएको फर्म, VAT/PAN दर्ता प्रमाणपत्रहरु, आ.व.०७३।०७४ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी नोटरी पब्लिक वाट प्रमाणित गराई सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

६) **धरौटी रकम तथा अन्तिम दर्ता मिति** :दरभाउपत्रदाताले धरौटी वापतको रकम रु.१३,०००।- (अक्षेरुपी तेह्र हजार मात्र)उद्योगको खातामा जम्मा गरेको बैंक भौचर वा उद्योगमा बुझाइएको नगदी रसिद संलग्न गर्नुपर्नेछ सो नगरेमा दरभाउपत्र मान्य हुने छैन । सिलबन्दी दरभाउपत्र, यो सूचना उद्योगको वेवसाइटमा प्रकाशित मितिले सातौं दिनको १५.०० बजे भित्र उद्योगको केन्द्रीय कार्यालय हेटौडामा दर्ता भैसक्नु पर्नेछ । उक्त दिन विदा पर्न गएमा क्रमश: विदा पछि कार्यालय खुलेको दिन १५:०० वजे भित्र अन्तिम दर्ता मिति तथा समय हुनेछ ।

७) **दरभाउपत्र खोल्ने मिति** : दर्ता हुन आएको प्रस्तावहरु सूचना प्रकाशित मितिले आठौं दिनको १५.०० वजे केन्द्रीय कार्यालय हेटौंडामा उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउ प्रस्ताव खोलिने दिन यस उद्योगमा विदा पर्न गएमा क्रमश: विदा पछि कार्यालय खुलेको दिन उल्लेखित समय र स्थानमा दरभाउ प्रस्ताव खोलिनेछ ।

८) **कार्य सम्पादन जमानत रकम** :स्वीकृत दरभाउपत्रदाताले खरिद आदेश बुझ्नु पूर्व कुल (मु.अ.कर समेत) रकमको ५ प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत वापत राख्नु पर्नेछ । तोकिएको समय भित्र सामान आपूर्ति नगरेमा सो रकम जफत गरी खरिद आदेश रद्द गर्न सकिनेछ ।

९) म्याद नाघी प्राप्त भएका दरभाउपत्र स्वीकार गरिनेछैन । प्राप्त हुन आएका कुनै वा सबै दरभाउपत्रहरु कुनै कारण नजनाई स्वीकार वा अस्वीकार गर्ने अधिकार उद्योगमा निहित रहनेछ ।

१०) Bag Filter आपूर्ति कार्य गरे पछि सम्वन्धित विभागले इन्स्पेक्सन गर्दा सामान ठीक नपाइएमा आफ्नै खर्चमा फिर्ता लगि तोकिएको समयमा पुन: आपूर्ति गर्नु पर्नेछ । संतोषजनक रुपमा कार्य सम्पन भए पछि मात्र कार्य सम्पादन दस्तुर तथा धरौटि वापत जम्मा गरेको रकम फिर्ता गरिनेछ ।

११) स्वीकृत दरभाउपत्रदाताले दरभाउ प्रस्ताव स्वीकृत भएको मौखिक/लिखित सूचना पाएको मितिले ५ दिन भित्र दफा ८ बमोजिमको कार्य सम्पादन जमानत रकम जम्मा नगरेमा दरभाउ प्रस्ताब रद्द गरी कालोसूचीमा राख्ने तर्फ कारवाही गर्न सकिनेछ ।

१२) एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता बा संसोधन गर्न सकिने छैन । साथै यस खरिद कार्यमा अन्य शर्त तथा परिशर्त प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेछन ।

१३) यो सूचना उद्योगको **website** मा प्रकाशित गरी सूचनापाटिमा समेत टाँस गरिएको छ ।

१४) आपुर्तिकर्ताले Bag Filter संगै सो को Manufacture Certificate समेत पेश गर्नुपर्ने छ ।

**हेटौंडा सिमेण्ट उद्योग लिमिटेड**
केन्द्रीय कार्यालय, लामसुरे, हेटौंडा
फोन ०५७-४१३०२०/४१२८५२
E-mail: info@hetaudacement.org.np
Website: www.hetaudacement.org.np